सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले
१३औं दक्षिण एसियाली खेलकुद (साग) का पदक विजेता
खेलाडीहरूलाई पुरस्कार घोषणा गर्न आयोजित कार्यक्रममा गर्नुभएको

सम्बोधन

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले १३औँ दक्षिण एसियाली खेलकुद (साग) का पदक विजेता खेलाडीहरूलाई पुरस्कार घोषणा गर्न आयोजित कार्यक्रममा गर्नुभएको सम्बोधन

विषयसूची

१. सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले
१३ औँ दक्षिण एसियाली खेलकुद (साग) मा
पदक विजेता खेलाडीहरूलाई पुरस्कार घोषणा कार्यक्रममा ५
गर्नुभएको सम्बोधन
२५ मंसिर २०७६

२. भिडियो सन्देश
१३ औँ दक्षिण एसियाली खेलकूद (साग)को समापन समारोहमा १९
सम्माननीय प्रधानमन्त्रीको सन्देश
२४ मंसिर २०७६

३. आईसीयू कक्षबाट सम्माननीय प्रधानमन्त्रीले
दिनुभएको भिडियो सन्देश २१
१६ मंसिर २०७६

४. १३ औँ साग पदक तालिका २३
२०७६ मंसीर १५ देखि २४ गतेसम्म
(काठमाडौं, पोखरा र जनकपुर)

५. १३ औँ दक्षिण एसियाली खेलकुद (साग) मा
पदक विजेता खेलाडीहरूलाई बितरित पुरस्कार रकम ५२

६. सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले
क्रिकेट खेलाडीहरूको टोलीलाई ५५
सम्मान तथा विदाई कार्यक्रममा गर्नुभएको सम्बोधन
११ फागुन २०७४

१

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले १३ औँ दक्षिण एसियाली खेलकुद (साग) मा पदक विजेता खेलाडीहरूलाई पुरस्कार घोषणा कार्यक्रममा गर्नुभएको सम्बोधन

२५ मंसिर २०७६

१३ औँ दक्षिण एसियाली खेलकूद, (साग) को सफलताका निम्ति हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु, धेरै धेरै बधाई एवं शुभकामना।

माननीय मन्त्रीज्यू, संविधान सभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङ्ज्यू लगायत विशिष्ट व्यक्तित्वहरू, खेलाडी साथीहरू, प्रशिक्षक साथीहरू, रेफ्री साथीहरू, विभिन्न राष्ट्रिय खेलकूद, ओलम्पिक लगायत अन्य खेलसम्बद्ध संघसंगठनहरू सबैमा आबद्ध खेलाडी र खेलप्रेमी साथीहरू।

मैले यहाँ अमरसिंह शाहजीलाई पनि संबोधन गर्न चाहन्छु, उहाँ अतिथि सत्कारको प्रमुख, उहाँको अतिथि सत्कारसमेत स्मरणीय रह्यो। भोलेन्टरियर्सहरूको सेवा महत्वपूर्ण रह्यो। कलाकारहरूको प्रस्तुति महत्वपूर्ण रह्यो। शान्ति सुव्यवस्थाका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी लगायतका सुरक्षा निकायहरू लगायत विभिन्न संघसंस्थाहरू, खेल संस्थाहरू सबैको विभिन्न ढङ्गले यस सफलतामा असाधारण योगदान रहेको छ। म सबैलाई सम्बोधन गर्न चाहन्छु, सबैलाई बधाई भन्न चाहन्छु।

नेपालले यसपटक खेल क्षेत्रमा असाधारण प्रगति गरेको छ। तर अहिले पनि केहीकेही मान्छेहरूलाई नेपालले गरेको यो प्रगतिमा प्रसन्नता नभएको देख्दा मलाई अचम्म लाग्छ। यो ठूलो कुरा होइन, पोहोरपरार अलिक थोरै पदक राख्ने गरिन्थ्यो, अलिक थोरै जितेको थियो, यस्तो भएको थियो, उस्तो भएको थियो तिनीहरूले भनिरहेका छन्। नेपालको खेलमा सामेल हुने हैसियतसमेत नभएको ठाउँबाट ५० वटा खेलमा सामेल हुने हैसियतसमेत नभएको ठाउँबाट आज ५१ वटा स्वर्ण पदक हामीले जितेका छौं। केही वर्ष अघिसम्म त हामी ५१ खेलमा सामेल पनि हुन सक्दैनथ्यौं !

गौरिका सिंहले नेपालको गौरव बढाएकी छन्। आधा आकाश ढाक्ने महिलाहरूले सबभन्दा बढी कीर्तिमान पनि राख्न सक्छन्, उनले त्यो देखाएकी छन्। नेपालले गौरव गर्नलायक, नेपालकी छोरीको हिसाबमा म उनलाई चारवटा स्वर्ण पदक र कूल जम्मा नौ वटा पदक प्राप्त गरेकोमा हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु। धेरै धेरै शुभकामना भन्न

चाहन्छु। उनको खेलले यी पदकहरूको प्राप्तिलाई शुरुवात मात्रै भन्छ। त्यसकारण उनले असाधारण प्रदर्शन गरेकी छन्, धेरै धेरै बधाई छ।

मन्डेकाजी श्रेष्ठ, सुवास तामाङ र आयशा शाक्य, उहाँहरूलाई पनि डबल डबल स्वर्ण पदक प्राप्त गर्न सफल हुनुभएकोमा हार्दिक बधाई भन्न चाहन्छु। सबै स्वर्ण पदक बिजेता, स्वर्ण पदक प्राप्त गर्ने मेहनती, परिश्रमी, कठिनाइसँग जुध्नसक्ने, जुधेर कठिनाइलाई पार गर्नसक्ने हाम्रा सबै उत्कृष्ट खेलाडीहरूको प्रशंसा गर्न चाहन्छु, सम्मान गर्न चाहन्छु। अलिकतिले गर्दा स्वर्ण कहिलेकहिले चिप्लिन्छ र रजतमा चित्त बुझाउनु पर्छ। रजतमा चित्त बुझाउन कति कठिन हुन्छ, स्वर्ण प्राप्त गर्ने कत्रो इच्छा हुँदाहुँदै, प्रयास हुँदाहुँदै रजतमा खत्रक्क परिन्छ। तर रजत सजिलै प्राप्त हुने वा केही उत्कृष्टताबिनै प्राप्त हुने त होइन। यो स्वर्ण पदककै आसपासको कुरा हो। त्यसकारण रजत पदक प्राप्त गर्ने साथीहरू सबैलाई पनि म धेरै धेरै बधाई भन्न चाहन्छु। कास्य पदक प्राप्त गर्नेहरूलाई पनि बधाई भन्न चाहन्छु।

कास्य पदक स्वर्ण पदक जस्तै हो। जम्मा दुई जना आफूभन्दा बढ्ता जान्ने निस्किएर मात्रै ! नत्र त स्वर्ण पदक जस्तै हो। ती दुई जनालाई हराइदिन पाएको भए स्वर्ण पदक नै हुन्थ्यो। अब केही छैन, हामी अर्को पल्ट दुई वटालाई मौका दिने छैनौँ। रजत पदक पाउने साथीहरूले पनि त्यही हिसाब राख्नुपर्छ। एउटालाई मात्रै पराजित गर्दा त स्वर्ण पाइहालिन्छ। अब त्यस प्रयासमा हामी जानु पर्छ।

नेपालले यसपटक खेल क्षेत्रमा असाधारण प्रगति गरेको छ। तर अहिले पनि केहीकेही मान्छेहरूलाई नेपालले गरेको यो प्रगतिमा प्रसन्नता नभएको देख्दा मलाई अचम्म लाग्छ। यो ठूलो कुरा होइन, पोहोरपरार अलिक थोरै पदक राख्ने गरिन्थ्यो, अलिक थोरै जितेको थियो, यस्तो भएको थियो, उस्तो भएको थियो तिनीहरूले भनिरहेका छन्। नेपालको खेलमा सामेल हुने हैसियतसमेत नभएको ठाउँबाट ५० वटा खेलमा सामेल हुने हैसियतसमेत नभएको ठाउँबाट आज ५१ वटा स्वर्ण पदक हामीले जितेका छौँ। केही वर्ष अघिसम्म त हामी ५१ खेलमा सामेल पनि हुन सक्दैनथ्यौं !

यसपटक दुई सय छ वटा रजत र कास्य पदकसमेत जितेका छौँ। सबै गरेर दुई सय छ वटा! पहिले त दुई सय छ वटा खेलमा सहभागी मात्रै हुने पनि हाम्रो हैसियत थिएन। आज त हामी दुईसय छ वटा पदकका पदकधारी हौँ। उत्कृष्टभित्र परेका छौँ। जम्मा कति खेल ? २६ वटा खेल, २६ विधाका खेलमा यो सफलता हासिल गरेका छौं। जे होस् हाम्रो यो असाधारण प्रगति हो। हामी यस प्रगतिमा खुसी हुनुपर्दछ र सिंगो देश खुसी छ। सिँगै देश विजयोत्सव मनाइरहेको छ। साग खेलकूदमा यति खेलाडी कहिल्यै सहभागी भएका थिएनन्। यो पटक सहभागिता सबभन्दा ठूलो भएको छ। यति धेरै खेल कहिल्यै सामेल भएका थिएनन् र यति धेरै विधा पनि कहिल्यै सामेल भएका थिएनन्। यति धेरैको बीचमा हामीले प्रतिस्पर्धा गर्न सकेका छौँ र उपाधि जितेका छौँ। यसले खेलको इतिहासमा नयाँ कीर्तिमान कायम भएको छ र हामी अगाडि बढेको स्पष्टै देखिन्छ।

यस अगाडि हामीसँग एउटा रंगशाला थियो। यसपल्ट काठमाडौं, पोखरा र जनकपुर गरी तीन ठाउँमा हामीले प्रतिस्पर्धा सञ्चालन गर्‍यौँ। तीन ठाउँमध्ये पोखरा र जनकपुरमा समेत अन्तर्राष्ट्रिय स्तरका खेल सञ्चालन गर्नसक्ने स्तरका रंगशाला हामीसँग छन्। हामी त्यहाँ पनि खेल आयोजना

गर्न सक्छौँ भन्ने देखिएको छ। अर्कोपल्ट नेपालले साग गेम आयोजना गर्दा हामीसँग सातै वटा प्रदेशमा नयाँ रंगशाला हुन्छन्। भव्य सुविधायुक्त र नयाँनयाँ रंगशालाहरू बन्दैछन्। प्रगति भएको छ कि छैन ? यसरी खेल क्षेत्रलाई सम्पूर्ण राष्ट्रले ध्यान दिनुपर्छ। सरकारले ध्यान दिएको छ र ध्यान दिन्छ।

यसरी यसपल्ट तपाईंहरूले हाम्रा दर्शकहरूको उत्साह पनि हेर्नु भयो होला। कति असाधारण उत्साह थियो ? केहीकेही यसमा सच्याउनु पर्ने अलिकति कुराहरू पनि छन्। त्यो सच्याउनका लागि उद्घाटन समारोह, समापन समारोह यी समारोह अलिक संक्षिप्त गर्नुपर्छ। उद्घाटन समारोहलाई पनि छोट्याउने र समापन समारोहलाई पनि छोट्याउने गर्नुपर्छ। उत्सव हो, त्यहाँ बढी कष्ट नहोस्, उत्सवमा कष्ट हुनुहुँदैन। कष्ट मिसिएपछि उत्सवको महत्व कम हुन्छ। त्यसकारण अलिक छोटो र छरितो गर्नुपर्छ।

सरकारले खेल क्षेत्रलाई अगाडि बढाउने सन्दर्भमा, खेलाडीहरूलाई प्रोत्साहित गर्ने सन्दर्भमा अवश्य नै ध्यान दिन्छ। यसैबेला म गम्भीर अपरेशनबाट गुज्रिनु पऱ्यो। अचानक एपेन्डिसाइटिसको समस्याका

कारणले, अचानक एपेन्डिसाइटिसको इन्फेक्सन भएर, यो जोसुकैलाई जतिबेला पनि हुने समस्या हो र हुनसक्छ। मलाई पनि अचानक यही खेलकुदकै समयमा समस्या परिदियो। तर मैले पाएसम्म र सकेसम्म हस्पिटलमा हुँदा यूट्यूवबाट उद्घाटन समारोह हेर्ँ। यद्यपि म भर्खर अपरेशन सकेर आईसीयूमा थिएँ। आईसीयूमा मैले कम्तिमा फुटबल त हेरौँ भनेर फुटबल हेर्न खोजेँ। कमसेकम उद्घाटन समारोह हेरौँ भनेर खोजेँ र डिस्चार्ज भएर घरमा आएपछि त हिजो म रंगशालामै जान खोजेको थिएँ। तर रंगशालामा जान सक्ने अवस्था मेरो रहेन।

मैले एउटा म्यासेज पठाएँ। आज तपाईंहरूलाई भेटौँ, तपाईंहरूको सम्मान गरौँ, तपाईंहरूलाई प्रशंसा गरौँ भन्ने विचारले मैले सन्देश पठाएको थिएँ। हिजो त्यो सन्देश प्रवाहित पनि भयो। तपाईंहरूले त मलाई देखिराख्नु भएको थिएन। तर म तपाईंहरूलाई देखिराखेको थिएँ। हामी जिन्न सक्छौँ भन्ने प्रण गरी हामीले जितेर देखाएका छौँ। र, नेपालीले जिन्न सक्छन् भन्ने सन्देश प्रवाह भएको छ।

मैले एउटा म्यासेज पठाएँ। आज तपाईंहरूलाई भेटौँ, तपाईंहरूको सम्मान गरौँ, तपाईंहरूलाई प्रशंसा गरौँ भन्ने विचारले मैले सन्देश पठाएको थिएँ। हिजो त्यो सन्देश प्रवाहित पनि भयो। तपाईंहरूले त मलाई देखिराख्नु भएको थिएन। तर म तपाईंहरूलाई देखिराखेको थिएँ। हामी जित्न सक्छौँ भन्ने प्रण गरी हामीले जितेर देखाएका छौँ। र, नेपालीले जित्न सक्छन् भन्ने सन्देश प्रवाह भएको छ। रमेश सिलवालजीलाई याद छ कि छैन ? पुल्चोकमा एउटा क्रिकेट खेल हो क्यार, त्यसको उद्घाटनको सन्दर्भमा

मैले त्यहाँ बोल्दा भनेको थिएँ, यो क्षेत्र धर्तीमा सभ्यता र संस्कृतिको शुरुवात भएको भूभाग हो। यहींबाट ज्ञानको शुरुवात भएको हो।

यहाँ उहिलेदेखि अनेक प्रकारका खेलहरू खेलिन्थे। कवड्डीदेखि लिएर, छेलोदेखि लिएर, डण्डी बियोदेखि लिएर, हुँयत्रोदेखि लिएर, कुस्तिदेखि लिएर थुप्रै खेलहरू यहाँ हुने गर्दथे। आधुनिक जमानामा मात्रै होइन, उहिलेदेखि हाम्रा पुर्खाहरू बलिष्ठ थिए। उनीहरू छेलो फ्याँक्थे, ठूल्ठूला ढुंगाहरू बोक्ने र कसले टाढासम्म ढुंगा फ्याँक्न सक्छ? त्यसरी ढुंगा फ्याँक्ने खेललाई छेलो खेल भनिन्थ्यो। छेलो खेल्ने, त्यो ढुंगा फ्याँक्ने खेल, वल्लो डाँडाबाट पल्लो डाँडामा हुँयत्रो हान्ने चलन थियो। त्यस हुँयत्रोले कति किलोमिटर फ्याँकिदन्छ? टार्गेट गरेर त्यस्ता खेलहरू हाम्रा पुर्खाहरूले खेल्थे। त्यस्ता प्रतियोगिताहरू हुने गर्दथे।

चाडवाड, खेलकूद, ज्ञान विज्ञान, शास्त्र, विद्वता सबै यस ठाउँमा सुरु भएका हुन्। गीत संगीत, बाद्यवादन यी सबै हाम्रोमा सुरु भएका हुन्। परिकार भन्ने पनि हाम्रोमा सुरु भएको हो। चौरासी ब्यञ्जन भन्ने हाम्रोमा सुरु भएको हो। यी सबै कुरा हाम्रोमा सुरु भएका हुन्। तर पछि हामी क्रमशः पछाडि पर्दै यो केही शताब्दीयता उपनिवेशवादले हमला गर्दै विभिन्न देशलाई उपनिवेश बनाएपछि, कब्जा गरेपछि प्राचीनकालदेखिका सामर्थ्यहरू ओझेलमा परे। उपनिवेशवादले भारतलाई पनि कब्जामा लियो, चीनलाई पनि कब्जामा लियो, ठूलाठूला देशहरूलाई कब्जामा लियो। स्वतन्त्र देशहरू विश्वमा बहुत थोरै थिए। उपनिवेश कायम गर्ने देशहरू समेत मिलाउँदा स्वतन्त्र भनेका देशहरू अर्काको पञ्जामा नभएका देशहरू १९ वटा मात्रै थिए, जसमध्ये नेपाल एउटा हो।

मकवानपुरको चिसापानीगढीमा तोप चलाइराख्वेको ठाउँमा नेपाली सिपाहीहरूले आक्रमण गरे। ५ जना सिपाहीलाई तोपले उडाइदियो। छैठौंले गएर तोपलाई कब्जामा लियो र अहिले पनि मकवानपुरभन्दा माथि चिसापानीगढीमा कालीबहादुर भन्ने त्यो कब्जामा लिएको तोप छँदैछ। जुन तोप अंग्रेजले ल्याएका थिए, त्यो तोपले नेपालीहरूलाई हानिराख्वेको

थियो, मारिराख्वेको थियो, तर दौडिएर जाँदा ५ जना मरे, पड्काउनै भ्याएनन् छैंटौलाई हान्नै भ्याएनन्। र, छैटौंले गएर त्यसलाई काटिदियो।

खेल हेरिरहेका बेला पनि नेपालीहरूले गोर्खा गोर्खा भनेको सुनिन्थ्यो। खासमा त्यो बहादुरीलाई सम्झिराख्वेको हो। खेल खेलिरहेको बेला पनि खेलाडीहरूको मनमा गोर्खालीपन र गोर्खाली बहादुरीपन आइराख्वेको थियो। वीर भक्ति थापाका अगाडि अंग्रेजले तोप हान्दै थियो। तोप हान्दैछ भन्ने थाहा पाएर उनी तोपबाट बाँच्न भागेर तर्किएनन्। अंग्रेजले तोप हान्दैछ, उनी सोझै तोपको मोहरामा गए। कब्जा गर्नुभन्दा अगाडि नै तोप

खेलाडीहरूलाई सरकारको गच्छे अनुसारको, देशले सक्ने अनुसारको सरकारको तर्फबाट खेलाडीहरूलाई तालीमको सुविधा, खेलको सुविधा उपलब्ध गराइन्छ। यसपल्ट तपाईंहरूले सुविधाको, सहुलियतको चुलिमा उभिएर सहुलियतलाई उपयोग गरेर पदक जितेको होइन। परिश्रमलाई उपयोग गरेर जितेको हो। तपाईंहरूको मेहनतले जितेको हो। इमानदार प्रयास र मेहनत नै सफलताको कडी हो।

पड्कियो। तोपको मोहरा अगाडि भक्ति थापा उडाइए। नेपाली जाति विश्वव्यापी रूपमा विद्वता र बहादुरी दुई चिजका निम्ति प्रसिद्ध जाति हो, जसलाई गोर्खा भनेर चिनियो। पछि बहादुरीका रूपमा नेपाली जाति भनेर चिनियो। पहिले विद्वान् ऋषिमुनीहरू र ज्ञानका रचनाकर्ता यही ठाउँका जन्मेर ज्ञान हासिल गरेका हुन्।

अहिले पनि हिमाल चढ्नु पऱ्यो भने नेपाली शेर्पा नलिइकन कोही चढ्न सक्दैन। हिलारी चढे। हिलारी हिमाल चढे भनेको तेन्जिङले लिएर गई

हिलारीलाई चढाए । अहिले पनि थुप्रै मान्छेहरू चढ्छन्, अनेकथरी चढ्छन् । नावालक हिमाल चढे, १५ वर्षका हिमाल चढे, सबभन्दा कलिला उमेरका हिमाल चढे, ८२ वर्षको उमेरका हिमाल चढे, ७६ वर्षको उमेरका हिमाल चढे, अनेक उमेरकाले हिमाल चढेको रेकर्ड कायम गरे। तर ती सबै रेकर्डका पछाडि त शेर्पाहरू छन्! शेर्पाले तानेर, घिसारेर, भारी बोकिदिएर र बोकेको भारीमाथि मान्छे पनि बोकिदिएर चुचुरोमा पुऱ्याइदिएका छन् । सगरमाथाको चुचुरामा चढाएका छन् । नेपालीहरूसँग मात्रै बिनाअक्सिजन सगरमाथा चढ्ने त्यो दम छ।

सगरमाथामा एक्काइस, बाइस, तेइसपल्टसम्म चढ्ने को छ ? मानिलिउँ त्यो एउटा ख्याल ख्यालको टाकुरा हो। सगरमाथा, एकपल्ट होइन, दुईपल्ट होइन, बीसपल्ट होइन, एक्काइसपल्ट होइन, बाइसपल्ट पनि होइन, तेइसपल्ट चढेका छन् । यसरी आश्चर्यजनक काम गर्नसक्ने नेपाली मात्रै हुन्छ, जसले २३ पल्ट सगरमाथा चढ्यो ! महिलाहरू, हाम्रा दिदीबहिनीहरूले ९/१० पल्ट सगरमाथा आरोहण गरिसकेका छन् । त्यसकारण हामी बहादुर जाति हौँ। हामीले जित्न सक्छौँ भन्ने ठान्नु मात्रै पर्छ, हामीले जित्न सक्छौँ र हामीले जित्ने आत्मविश्वासका साथ तयारी गर्नुपर्छ, राम्रो तालीम गर्नुपर्छ र जित्नुपर्छ।

सरकारको गच्छे अनुसार, देशले सक्ने अनुसार सरकारको तर्फबाट खेलाडीहरूलाई तालीमको सुविधा, खेलको सुविधा उपलब्ध गराइन्छ। यसपल्ट तपाईंहरूले सुविधा र सहुलियतको चुलिमा उभिएर सहुलियतलाई उपयोग गरेर पदक जितेको होइन। परिश्रमलाई उपयोग गरेर जितेको हो। तपाईंहरूको मेहनतले जितेको हो। इमानदार प्रयास र मेहनत नै सफलताको कडी हो। तसर्थः प्रयास गर्दै जाँदा बढाउन सकिन्छ। आफ्नो क्षेत्र पहिचान गरेर, त्यसको उत्कृष्ट क्षेत्रलाई छनोट गरेर, त्यस उत्कृष्ट क्षेत्रलाई अभ्यासद्वारा परिस्कृत गरेर आत्मविश्वास र मनोबलद्वारा सामर्थ्यलाई उचाइमा उठाएर हामी अगाडि बढ्न सक्छौँ।

यस कामका लागि सरकारले केही गर्छ। म अलिकति खेल मन पराउने मान्छे हुँ। मलाई खेल्न मन लाग्छ। म पनि सधैँ खेल्ने गर्थें, कुनै न

कुनै ढङ्गले, केही न केही ढङ्गले खेल्न रुचाउँथें। गौरिकालाई बताउन चाहन्छु- म पनि एउटा स्वीमर हुँ। म पनि बगेका खोलाहरू, ठूल्ठूला खोलाहरू पुलबाट तर्ने, डुंगाबाट तर्ने मान्छे होइन, खोलैबाट तरिदिने गर्थें। हाम्रो समयमा स्विमिङ पुल चाहिँदैनथ्यो। स्विमिङ पुल थिएनन्, खोलैमा विभिन्न खेलहरू खेलिन्थ्यो। खोलासँग राम्रो जान पहिचान भइसकेको थियो। त्यसकारण बगाउँदैनथ्यो। धेरैपल्ट म बग्दाबग्दै पनि बगाउनबाट जोगिएको छु। किनभने पौडी खेल्न जानेको र सिकेको हुनाले मैले आफूलाई जोगाउन सकेको छु। मैले हरेक पटक अनुमान गरेको छु, अनुभव गरेको छु, जित्छु भन्यो भने अवश्य जितिन्छ।

खोलाले बगाउनै खोज्छ। बगाउनै खोजेका बेला बग्न नमान्ने, म जित्छु म पारि नै उत्रिन्छु भनेर गएपछि असाधारण खोलाहरूमा, असम्भव लाग्ने ठाउँमा पनि सजिलै तरिन्छ। खोला त तरिन्छ भने अब हामी गर्व गर्न सक्छौं, नेपालमा मोडर्न स्विमिङ पुल छ। आधुनिक स्विमिङ पुल छन्।

मैले गौरिकाको टिप्पणी पनि सुनेको छु, उनले राम्रो भनेको सुनेको छु, खुशी लागेको छ। अरु साथीहरूले यसपल्टको खेल क्षेत्रको उन्नतिको प्रशंसा गरेको पनि सुनेको छु।

भूकम्पले भत्किएको संरचना थियो। गर्नुपर्ने काम एउटा मात्रै थिएनन् । हामीले गर्नुपर्ने थुप्रै कामहरू थिए, बीचमा काम भएनन्। म प्रधानमन्त्री भएपछि मैले ताकेता गर्न खोजेँ र विभिन्न ठाउँलाई अगाडि बढाउन खोजेँ। समय घर्किसकेको थियो। अन्त्यमा समय घर्किसकेको बेला रमेश सिलवालजीलाई सदस्यसचिवमा नियुक्त गरेँ। यसपल्ट खेल आयोजना सम्भव हुनुका पछाडि रमेश सिलवालजीको ठूलो हात छ।

अब खेलाडीहरूलाई मैले केही त भन्नै पऱ्यो। चिया खाजा खानु भयो ? खाएको छैन ? अहो त्यसो भए ढिला पनि गर्नु भएन, सेलाइसक्यो। त्यसो भएपछि म तपाईंहरूलाई के भन्न चाहन्छु भने यस पटकबाट हरेक

काश्य पदक विजेता खेलाडीलाई सरकारको तर्फबाट ३ लाख रूपैयाँ रकमको घोषणा गर्छु। त्यसैगरी रजत पदक प्राप्त गर्ने खेलाडीहरूलाई हरेक पदकबापत ६ लाख र स्वर्ण पदक बिजेता खेलाडीहरूलाई एक स्वर्ण पदकको ९ लाखका दरले पुरस्कार दिइनेछ। एकभन्दा बढी स्वर्ण पदक ल्याउने खेलाडीले ११ लाखका दरले प्राप्त गर्नेछन्।

मलाई लाग्छ, हाम्रोजस्तो गरिब देशको सरकारले खेलाडीहरूको उचित सम्मान गऱ्यो भन्ने साथीहरूले ठान्नुहुन्छ। अब उपरान्तका खेलहरूमा साथीहरूले बुझ्नुपऱ्यो- तपाईंको पछिल्लो बक्सिङको मूल्य ३ लाख हुने

यसपल्ट मैले नेपालको फूटबल हेर्ें। यति सन्तुष्टि र यति खुशी फुटबल खेलमा मलाई कहिल्यै लागेको थिएन। किनभने म पनि युवा हुँदाखेरी फुटबल खेल्थें। फूटबल अत्यन्त फास्ट खेल्नुपर्ने खेल हो। यसभन्दा अघि जहिले हेर्दा पनि हाम्रा खेलाडीहरू ढिला देखिन्थे। यसपल्ट हाम्रा खेलाडीहरू ढिला होइन, बिजुली देखिए, बिजुली ! छरिता, फूर्तिला, सधैं दौड्दा अगाडि नै पुगेर बल खोस्ने असाधारण देखिए।

भयो। यदि चुक्नु भयो भने पदक गयो। पदक आउनेगरी खेल्यो भने ३ लाख आयो। काश्यले रजत लिन झन् विचार गर्नुपऱ्यो। यस्तो भनौँ, अब बुझ्नु पऱ्यो, एक पछि अर्को बढी लिन, अर्को पटक स्वर्ण लिन ध्यान दिनुपऱ्यो।

टिममा खेल्ने साथीहरू र टिमले प्राप्त गर्ने स्वर्ण पदकको हकमा प्रति खेलाडी ५ लाख रूपैयाँ दिइने घोषणा गर्दछु। आफ्ना खेलाडीहरूलाई सफलतामा पुऱ्याएर ट्रफी जिताउन सफल र स्वर्ण पदक प्राप्त गर्न

सफल कोचहरूलाई ५ लाख रूपैयाँ दिइनेछ। अरु नमिलेका कुराहरू पछि मिलाउँला। समग्रमा खेलाडीहरूको सम्झनामा सरकारले आवश्यक निर्णय लिएर प्रबन्ध मिलाउँछ।

मैले खेलाडी साथीहरूलाई यहाँ हाम्रो खुसी साट्नका लागि बोलाएको हुँ। तपाईंहरूको खुशीमा म अत्यन्तै खुशी छु, नेपाल सरकार खुशी छ, नेपाली जनता खुशी छन् र हामी सबै खुशी छौँ। यो खुशियालीमा म एउटा ध्यानाकर्षण गर्न चाहन्छु। यसपल्ट यस्तो सफलता अचानक आएको हो भनेर धेरैले यसमा नकारात्मक टिप्पणी पनि गरेका छन्। मानिलिऔँ चिड कि पान खेल्ने खेलमा पत्ता खुलेजस्तो गरेर स्वर्ण पदक लिएको होइन। यसो मुठ्ठीमा लिएर जोर कि बिजोर भन् भनेर पनि यी स्वर्ण पदक जितेको होइन। त्यसरी स्वर्ण पदक जित्ने भए सात वटा देशका सबै मान्छे स्वर्ण पदक नै जित्न आएका थिए। हामी पनि स्वर्ण पदक जित्नैका लागि मैदानमा उत्रिएका थियौँ। सबैले जित्थे होलान्। स्वर्ण पदक जित्न कठीन छ। कठीन भएरै स्वर्ण पदक भनिएको हो। तसर्थः म हरेक खेलाडीहरूलाई आफ्नो कीर्तिमान आफै ब्रेक गर्न आग्रह गर्दछु।

अब हाम्रा ४ वटा स्वर्ण पदक प्राप्त गर्नेले भविष्यमा आफ्नो रेकर्ड आफै तोडौँ। ९ पदक प्राप्त गर्नेले आफ्नो रेकर्ड आफैँ तोडौँ। दुईदुईवटा स्वर्ण प्राप्त गर्नेले पनि आफ्नो रेकर्ड आफैँ तोडौँ। त्यसै गरेर रजत, कास्य प्राप्त गर्नेहरूले पनि आफ्नो रेकर्ड आफैँ तोडौँ र हामीले आफ्नो रेकर्ड आफैँले तोड्नु पर्दछ। रेकर्ड तोड्न नसकिने केही छैन, कुनै रेकर्ड तोड्न नसकिने कुरा पनि होइन।

यसपल्ट मैले नेपालको फूटबल हेर्ँे। यति सन्तुष्टि र यति खुशी फुटबल खेलमा मलाई कहिल्यै लागेको थिएन। किनभने म पनि युवा हुँदाखेरी फुटबल खेल्थेँ। फुटबल अत्यन्त फास्ट खेल्नुपर्ने खेल हो। यसभन्दा अघि जहिले हेर्दा पनि हाम्रा खेलाडीहरू ढिला देखिन्थे। यसपल्ट हाम्रा खेलाडीहरू ढिला होइन, बिजुली देखिए, बिजुली ! छरिता, फूर्तिला, सधैँ दौड्दा अगाडि नै पुगेर बल खोस्ने असाधारण देखिए।

फुटबलमा पहिलो कुरा त मस्तिष्क, मसल, मुटु, फोक्सो सबै चिजको तालमेल चाहिन्छ। बल मात्रैले हुँदैन, मुटुले पनि काम गर्नुपर्छ, फोक्सोले पनि काम गर्नुपर्छ, मसलले पनि साथ दिनुपर्छ र मस्तिष्क अत्यन्त चलाख हुनुपर्छ। सँगसँगै अभ्यास यस्तो हुनुपर्दछ कि किपर, त्यो म्याग्नेट होजस्तो, बल जताबाट आए पनि किपरले म्याग्नेटले च्याप्प समाउँछ नि, म्याग्नेटबाट यताउता जान पाउँदैन। हो, त्यस्तै किपर म्याग्नेटजस्तो हुनुपर्छ।

हाम्रा खेलाडीहरूका यसपल्ट कमीहरू रहेनन् भन्ने होइन। बल हान्दाखेरी एकदमै एक्युरेसी चाहिन्छ। हाम्रा खेलाडीहरूले अलिकति अभ्यास बढाउनु पर्ने र एक्यूरेसीमा पुग्नुपर्ने देखिन्छ। बल क्याचिङ गर्ने, पासिङ गर्ने, बल हान्दा पोष्टमा हानोस् या पास देओस्, त्यसमा एक्युरेसी चाहिन्छ र पास कहाँ दिने भन्ने कुरामा अझै एक्युरेसी बढाउन ध्यान दिनुपर्ने, पास कहाँ दिने, पास आफ्नो साथीलाई दिएको ठाउँ, साथी भएको ठाउँ, ऊ दौडिएर पुग्ने ठाउँ, त्यो बल पुग्ने ठाउँ, डिस्ट्यान्स्, गति, क्षमता त्यो सबैको समिश्रणबाट त्यहाँ एक्युरेसी कायम हुनुपर्दछ । पास दिनेले पास कुन स्पिडमा दिने ? बढी स्पिडमा पास दियो भने पनि समाउन नसक्ने हुनसक्छ। त्यसकारण एक्युरेट समय, एक्युरेट डिस्ट्यान्स्, एक्युरेट स्पिड यी चिजहरू अलिकति मिलाउन जरुरी छ। तर मलाई यसपाली आश्चर्यजनक प्रगति गरेको चाहिं लागेको छ। म सधैँ भनिरहन्थेँ कि हाम्रा खेलाडीहरूको गति धिमा भयो, सुस्त भयो, तर यसपटक त्यस्तो सुस्तता देखिएन।

अरु खेलहरूमा पनि खेलको सफलता गतिमा हुन्छ। खेलको सफलताको एउटा रहस्य के हो भने गति कति छ ? त्यसले ढिलो कति गतिमा जान्छ ? छिटो कति गतिमा चल्छ ? कति गतिमा छेक्न सकिन्छ ? कति गतिमा हान्न सकिन्छ ? कति गतिमा स्विमिङ दिन सकिन्छ ? यी सबै कुराहरू गतिमा भर पर्छन्। त्यसकारण स्पिड बढाउनु पऱ्यो। अझै स्पिड बढाउनु पऱ्यो। मेरो आग्रह छ, अब लामो कुरा नगरिकन म सबै साथीहरूलाई फेरि पनि धेरैधेरै बधाई भन्न चाहन्छु, धेरैधेरै शुभकामना भन्न चाहन्छु र जलपानमा सहभागी हुन आह्वान गर्दछु।

धन्यवाद।

२

भिडियो सन्देश

१३ औँ दक्षिण एसियाली खेलकूद (साग)को समापन समारोहमा सम्माननीय प्रधानमन्त्रीको सन्देश

२४ मंसिर २०७६

दक्षिण एसियाका लागि मिनी ओलम्पिक मानिने दक्षिण एसियाली खेलको अत्यन्तै ठूलो महत्व छ। यो खेल आजैबाट सफलतापूर्वक सम्पन्न हुँदैछ। म खुसी व्यक्त गर्न चाहन्छु- भूकम्पबाट ध्वस्त भएका संरचनाहरू तयार गरेर खेल आयोजना गर्न सफलता मिलेको छ। यसपल्टको खेलमा पहिले कहिल्यैभन्दा बढी खेलाडीको सहभागिता, पहिले कहिल्यैभन्दा बढी खेलहरूको संलग्नता रहेको छ। पदकहरू पनि यस पटकको तेह्रौं साग गेममा पहिले कहिल्यैभन्दा धेरै राखिएका छन्। समग्रतामा भन्दा यो सफल र ऐतिहासिक खेलकूद रहेको छ।

यसले, अर्थात् दक्षिण एसियाली खेलकूदले दक्षिण एसियाली देश र जनताका बीचमा एकता र मित्रता अभिबृद्धि गर्ने अपेक्षा गरिएको थियो, त्यो अपेक्षा यस पटकको १३औं दक्षिण एसियाली खेलकूदले अत्यन्तै सफलता पूर्वक पूरा गरेको छ। यस सन्दर्भमा म संलग्न सबै पक्षलाई सफल आयोजना र खेलका निम्ति बधाई भन्न चाहन्छु। र, धन्यवाद भन्न चाहन्छु।

काठमाडौं, पोखरा र जनकपुरधामबाट एकैसाथ खेलकूद प्रतियोगिता सञ्चालन हुनु र सफलतापूर्वक दक्षिण एसियाली खेलकूदको सुखद् समापनमा हामी आइपुग्नु ज्यादै खुसीको कुरा हो। यस सन्दर्भमा यस सफलताको लागि योगदान गर्नुहुने नेपाल लगायत सबै सहभागी देशका सरकारहरू, खेल क्षेत्र, खेलाडीहरू, प्रशिक्षकहरू र सबैलाई म धन्यवाद भन्न चाहन्छु। अत्यन्तै भब्य रूपमा सफल भएको यस दक्षिण एसियाली खेलकूदले नेपाल भ्रमणवर्ष २०२० लाई सफल बनाउन योगदान पुऱ्याउने छ भन्ने मैले विश्वास लिएको छु। यस खेलमा सहभागी विभिन्न मित्र देशका खेलाडी, प्रशिक्षक सबैले भ्रमण वर्षलाई मद्दत पुग्नेगरी योगदान गर्नुहुने छ भन्ने मैले अपेक्षा गरेको छु।

आयोजक राष्ट्रका खेलाडीको हिसावले खेललाई अनुशासित, मर्यादित र मैत्रीभावलाई केन्द्रभागमा राखेर जुन उत्कृष्ट प्रदर्शन नेपाली खेलाडीहरूले यस खेलमा गरेका छन्, म नेपाली खेलाडीहरूलाई त्यसका निम्ति हार्दिक धन्यवाद भन्न चाहन्छु। यस खेलमा जुन सफलता प्राप्त भएको छ, सफलता प्राप्त गर्ने सबै खेलाडीहरूलाई बधाई भन्न चाहन्छु।



३

आईसीयू कक्षबाट सम्माननीय प्रधानमन्त्रीले दिनुभएको भिडियो सन्देश

१६ मंसिर २०७६

'एपेण्डीसाइटिस भनेको कसैलाई समय र सूचना दिएर आउने रोग होइन। यो अचानक आइलाग्छ। मलाई पनि अप्रत्यासित रूपमा त्यसैगरी आइलाग्यो। त्यसमा इन्फेक्सन भएछ। र, त्यो बाहिर पनि फैलिएछ। त्यसमा मात्रै इन्फेक्सन सिमित भएको भए निकालेर फाल्न सजिलो हुन्थ्यो। बाहिर पनि इन्फेक्सन भएको हुनाले त्यो इन्फेक्सनलाई पनि हटाउनु पर्‍यो। त्यसकारण उपचारका क्रममा हप्ता दश दिन लाग्ने भयो। तर, मेरो स्वास्थ्य राम्ररी सुधार भइरास्वेको छ। एउटा मेजर अपरेशनपछि

तपाईंहरू देखिरहनु भएको छ– मेजर अपरेशनपछि पनि म उठेर बोल्न सक्ने, साथीहरूसँग कुरा गर्न सक्ने अवस्थामा छु र समाचारहरू हेर्न सक्ने अवस्थामा छु।

हिजो मैले १३ औं साग खेलको उद्घाटन समारोह पूरै हेर्‍ँ। हुन सक्छ कि सक्दैन भन्ने द्विविधा समाप्त भएकोमा खुसी लागेको छ।

म राष्ट्रपतिज्यूलाई उद्घाटन गरिदिनु भएकोमा, अरु सबैलाई सहभागी हुनु भएकोमा धन्यवाद भन्न चाहन्छु। मैत्रीपूर्ण खेलबाट देशको इज्जत अगाडि बढाउन र क्षेत्रीय मित्रता अगाडि बढाउन म नेपाली खेलाडीहरू र सार्क क्षेत्रका खेलाडीहरूलाई आग्रह गर्दछु।'

(मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरको आईसीयु कक्षबाट सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले दिनुभएको भिडियो सन्देश)

१३ औं दक्षिण एसियाली खेलकूद (साग) मा नेपालले हासिल गरेको पदक विवरण

२०७६ मंसिर १५ गतेदेखि २४ गतेसम्म (काठमाडौं, पोखरा र जनकपुर)

कराँते

क्र.सं.	नाम	स्वर्ण	रजत	कास्य	इभेन्टस्	जिल्ला
१	अनु अधिकारी	१				काठमाडौं
२	लक्ष्मण तामाङ	१				काठमाडौं
३	सुनिता महर्जन	१				काठमाडौं
४	नवीन रसाइली	१				बाग्लुङ्ग
५	अनुपमा मगर	१				उदयपुर
६	कुसुम खड्का	१				सिन्धुपाल्चोक
७	विप्लवलाल श्रेष्ठ	१				काठमाडौं
८	मण्डेकाजी श्रेष्ठ	१				भक्तपुर
९	महसुस मोक्तान	१			टिम काँता	मकवानपुर
१०	मण्डेकाजी श्रेष्ठ					भक्तपुर
११	प्रविण मानन्धर					काठमाडौं
१२	निर्मला तामाङ	१			टिम काँता	काठमाडौं
१३	संगीता मगर					उदयपुर
१४	सरु कार्की					पाल्पा
१५	चन्चला दनुवार		१			काभ्रे
१६	दिवस श्रेष्ठ		१			ललितपुर
१७	गंगाराम कुसुवार		१			सर्लाही
१८	अनु गुरुङ		१			तनहुँ
१९	राजीव पुडासैनी			१		नुवाकोट
२०	सोनाम लामा			१		काभ्रे
२१	मनिषा चौधरी			१		कपिलबस्तु
२२	मुकुन्द महर्जन			१	टिम पुरुष कुमुते	ललितपुर
२३	राजकुमार रसाइली					बाग्लुङ्ग
२४	सुशील पौडेल					सर्लाही
२५	अर्जुनकुमार वागचन					दाङ्ग
२६	लेखनाथ मैनाली					सर्लाही
२७	विनोद शाक्य गुभाजु					रामेछाप
२८	दिगम्बरप्रसाद पन्त					कञ्चनपुर

२९	सनी तामाङ			१	टिम महिला कुमुते	काठमाडौं
३०	एस्तर राई					झापा
३१	सुस्मिता वाइबा					काभ्रे
३२	रिता कार्की					मकवानपुर
कूल पदक		१०	४	५		

उसु

क्र.सं.	नाम	स्वर्ण	रजत	कास्य	इभेन्टस्	जिल्ला
१	विजय सिँजाली	१			छाङ्छ्वान	सिरहा
२	दीपक हमाल	१			नानछ्वान	सुर्खेत
३	सुस्मिता तामाङ	१			छाङ्छ्वान	भक्तपुर
४	निमा घर्तीमगर	१			नानछ्वान	ललितपुर
५	जुनी राई	१			५० केजी	इलाम
६	मीना ग्लान		१		थायचीछ्वान	नुवाकोट
७	बिश्व बुढामगर		१		ताआसु कुनसु	रुकुम
८	मंगलप्रसाद थारु		१		६० केजी	बर्दिया
९	एलिना चौधरी		१		५२ केजी	कैलाली
१०	बिन्दु पुन		१		७० केजी	म्याग्दी
११	शिलु डंगोल		१		७५ केजी	मकवानपुर
१२	हरिप्रसाद गोले			१	थायचीछ्वान	मकवानपुर
१३	अशोक खालीङ			१	५२ केजी	इलाम
१४	चित्रसिंह ठकुरी			१	७० केजी	पाँचथर
१५	निकेश श्रेष्ठ			१	८० केजी	ललितपुर
१६	किरण सिंह साउद			१	८५ केजी	कञ्चनपुर
कूल पदक		५	६	५		

गल्फ

क्र.सं.	नाम	स्वर्ण	रजत	कास्य	इभेन्टस्	जिल्ला
१	सुवास तामाङ	१				ललितपुर
२	शुक्रबहादुर राई			१		सुनसरी

३	शुक्रबहादुर राई	१				दोहोरो पदक
४	निरज तामाङ					सुनसरी
५	टंकबहादुर कार्की					सुनसरी
६	सुवास तामाङ					ललितपुर
७	कश्मिरा शाह			१	टिम गेम महिला	काठमाडौं
८	रविना श्रेष्ठ					ललितपुर
९	सुष्मा कोइराला					संखुवासभा
कूल पदक		२		२		

टेवलटेनिस

क्र.सं.	नाम	स्वर्ण	रजत	कास्य	इभेन्टस्	जिल्ला
१	स्यान्टु श्रेष्ठ			१		दोलखा
२	पुरुषोत्तम बज्राचार्य			१		ललितपुर
३	शिवसुन्दर गोथे		१		पुरुष टिम	भक्तपुर
४	संयोग कपाली					ललितपुर
५	बिनेश खनिया					लम्जुङ्ग
६	स्यान्टु श्रेष्ठ					दोलखा
७	पुरुषोत्तम बज्राचार्य					ललितपुर
८	नबिता श्रेष्ठ			१	महिला टिम	काठमाडौं
९	एलिना महर्जन					काठमाडौं
१०	रबिना महर्जन					काठमाडौं
११	सिक्का सुवाल					झापा
१२	दीक्षा तामाङ					काभ्रे
१३	स्यान्टु श्रेष्ठ			१	मेन्स डबल	दोहोरो पदक
१४	बिनेश खनिया					
१५	स्यान्टु श्रेष्ठ			१	मिक्स डबल	
१६	नबिता श्रेष्ठ					
कूल पदक			१	५		

कुस्ती

क्र.सं.	नाम	स्वर्ण	रजत	कास्य	इभेन्टस्	जिल्ला
१	संगीता धामी	१			५५ केजी	कञ्चनपुर
२	अम्बिका भण्डारी		१		५३ केजी	कञ्चनपुर
३	सिवाङ्गी दुवे		१		५३ केजी	कञ्चनपुर
४	सुशीला चन्द		१		६५ केजी	कञ्चनपुर
५	निर्मला जागरी		१		७२ केजी	नेपाल प्र.
६	मनिषा सिंह			१	५० केजी	कञ्चनपुर
७	कोमल खत्री			१	५९ केजी	कञ्चनपुर
८	नरेश यादव			१	५७ केजी	पर्सा
९	सरोज यादव			१	६५ केजी	पर्सा
१०	सुरेश चुनारा			१	७० केजी	डडेलधुरा
११	बुन्नीलाल राउत			१	७९ केजी	बारा
१२	सुमिर कुमार शाह			१	९२ केजी	पर्सा
१३	राज यादव			१	१२५ केजी	पर्सा
कूल पदक		१	४	८		

साइक्लिङ्ग

क्र.सं.	नाम	स्वर्ण	रजत	कास्य	इभेन्टस्	जिल्ला
१	बुद्धिबहादुर तामाङ	१			क्रस कन्ट्री	नुवाकोट
२	लक्ष्मी मगर	१			क्रस कन्ट्री	नुवाकोट
३	राजेश मगर	१			डाउन हिल	ललितपुर
४	निश्मा श्रेष्ठ	१			डाउन हिल	काभ्रे
५	राजीव राई		१		क्रस कन्ट्री	संखुवासभा
६	उषा खनाल		१		क्रस कन्ट्री	गोरखा
७	निरभ श्रेष्ठ		१		डाउन हिल	काठमाडौं
८	जमुना थापा		१		डाउन हिल	कास्की
९	प्रचित थापामगर			१	डाउन हिल	काठमाडौं
१०	ओकेष बज्राचार्य			१	क्रस कन्ट्री	ललितपुर
कूल पदक		४	४	२		

एथलेटिक्स

क्र.सं.	नाम	स्वर्ण	रजत	कास्य	इभेन्टस्	जिल्ला
१	किरणसिं बोगटी	१			म्याराथन	कैलाली
२	गोपीचन्द पार्की	१			५००० मि	कैलाली
३	सन्तोषी श्रेष्ठ	१			१०००० मि	धादिङ्ग
४	पुष्पा भण्डारी		१		म्याराथन	सल्यान
५	हरिकुमार रिमाल			१	५००० मि	धादिङ्ग
६	टंक कार्की			१	१५०० मि	ओखलढुङ्गा
७	सोमबहादुर कुमाल			१	८०० मि	गोर्खा
८	दीपक अधिकारी			१	१०००० मि	धादिङ्ग
कूल पदक		३	१	४		

आर्चरी

क्र.सं.	नाम	स्वर्ण	रजत	कास्य	इभेन्टस्	जिल्ला
१	इमायुम राई		१		मिक्स टिम	खोटाङ्ग
२	सनातन मल्ल					धनुषा
३	रमेश भट्टचन			१	पुरुष टिम	काठमाडौं
४	योगेन्द्र शेरचन					कास्की
५	सनातन मल्ल					धनुषा
६	मीनप्रसाद गौचन					रुपन्देही
७	रश्मी दर्लामी			१	महिला टिम	सिन्धुली
८	मञ्जु बजगाई					ललितपुर
९	इमायुम राई					खोटाङ्ग
१०	मोनिका राना मगर					धनकुटा
कूल पदक			१	२		

बीच भलिवल (महिलातर्फ)

क्र.सं.	नाम	स्वर्ण	रजत	कास्य	इभेन्टस्	जिल्ला
१	विनिता बुढाथोकी			१		इलाम
२	नेविका चौधरी					कैलाली
कूल पदक				१		

महिला भलिबल

क्र.सं.	नाम	स्वर्ण	रजत	कास्य	इभेन्टस्	जिल्ला
१	प्रतिभा माली		१			काठमाडौं
२	सरस्वती चौधरी					कैलाली
३	निरुता ठगुन्ना					दार्चुला
४	उनिषा भण्डारी					तनहुँ
५	अरुणा शाही					म्याग्दी
६	सुनिता खड्का					ओखलढुंगा
७	पुनम चन्द					कञ्चनपुर
८	सोफिया पुन					बाग्लुङ्ग
९	हिरा केसी					पर्वत
१०	उषा विष्ट					कञ्चनपुर
११	रेश्मा भण्डारी					काठमाडौं
१२	जानकी भण्डारी					डोटी
१३	कमला पुन					म्याग्दी
१४	सलिना श्रेष्ठ					काठमाडौं
कूल पदक			१			

टेनिस

क्र.सं.	नाम	स्वर्ण	रजत	कास्य	इभेन्टस्	जिल्ला
१	संरक्षक भुषण बज्राचार्य			१	पुरुष टिम	ललितपुर
२	प्रनव खनाल					ललितपुर
३	प्रदीप खड्का					कास्की
४	सन्तोष खत्री					ललितपुर
५	नवीन मगर					म्याग्दी
६	सम्यक भुषण बज्राचार्य					
७	प्रेरणा कोइराला			१	महिला टिम	ललितपुर
८	सलोनी तामाङ					मोरङ्ग
९	अभिलाषा विष्ट					झापा
१०	आइरा मर्हनिसा राउत					ललितपुर
११	रायना शाह					झापा
१२	प्रकृति श्रेष्ठ					काठमाडौं

१३	प्रेरणा कोइराला			१	महिला डवल	
१४	सलोनी तामाङ					
१५	अभिलाषा बिष्ट			१	महिला डवल	
१६	आइरा मर्हनिसा राउत					
१७	प्रेरणा कोइराला			१		
कूल पदक				५		

बास्केटबल

क्र.सं.	नाम	स्वर्ण	रजत	कास्य	इभेन्टस्	जिल्ला
१	सदिना श्रेष्ठ		१		महिला टिम	ललितपुर
२	एलिना गुरुङ					कास्की
३	माया स्याङ्तान					मकवानपुर
४	मुना महर्जन					काठमाडौं
५	प्रतिक्षा मगर					उदयपुर
६	रचना श्रेष्ठ					गोरखा
७	प्रेदिका महर्जन					काठमाडौं
८	अनुषा मल्ल					तनहुँ
९	अलिषा मल्ल					काठमाडौं
१०	प्रिती तुलाचन					बारलुङ्ग
११	श्रेया खड्का					काठमाडौं
१२	आशा राई					खोटाङ

१	बिजय बुर्जा			१	पुरुष टिम	इलाम
२	सदिस प्रधान					काठमाडौं
३	विक्रम जोशी					भक्तपुर
४	मनेसराज राजोपाध्याय					भक्तपुर
५	विनोद महर्जन					ललितपुर
६	आयुष सिंह					ललितपुर
७	सौरभ श्रेष्ठ					काठमाडौं
८	अशिम श्रेष्ठ					काठमाडौं
९	दिवेश्वर शाह					धनुषा
१०	विकास गुरुङ					सिन्धुपाल्चोक
११	विनोद श्रेष्ठ					काठमाडौं
१२	मविन्द्र भण्डारी					काठमाडौ
१	अजय कुशवाह		१		३ X ३ पुरुष टिम	बारा
२	मनिष केसी					काठमाडौं
३	आशिष बस्नेत					सर्लाही
४	निकेश मगर					मकवानपुर
१	मीना गुरुङ			१	३ X ३ महिला टिम	सिन्धुपाल्चोक
२	सोनी वाइवा					काठमाडौं
३	गरिशा सिलवाल					झापा
४	रविना अधिकारी					झापा
कूल पदक			२	२		

पौडी

क्र.सं.	नाम	स्वर्ण	रजत	कास्य	इभेन्टस्	जिल्ला
१	गौरिका सिंह	४			२०० मि फ्रि स्टाइल	बझाङ
					२०० मि ब्याक स्ट्रोक	
					४०० मि फ्रि स्टाइल	
					१०० मि फ्रि स्टाइल	

२	गौरिका सिंह		२		५० मि ब्याक स्ट्रोक	
					१०० मि ब्याक स्ट्रोक	
३	दुवाना लामा		२		२०० मि ब्रिएस्ट स्ट्रोक	मनाङ
					२०० मि बटरफ्लाइ	
४	टिसा शाक्य			१	२०० मि इन्डिभिडुयल मिडले	काठमाडौं
५	अनुश्रिया तन्दुकार			१	४००×१०० मि फ्रि स्टाइल	काठमाडौं
६	गौरिका सिंह					४ जना खेलाडीले मात्र पदक प्राप्त गरेको
७	दुवाना लामा					
८	टिसा शाक्य					
९	अनुश्रिया तन्दुकार			१	४००×२०० मि फ्रि स्टाइल	
१०	गौरिका सिंह					
११	दुवाना लामा					
१२	टिसा शाक्य					
१३	अनुश्रिया तन्दुकार			१	फ्रि स्टाइल रिले	
१४	गौरिका सिंह					
१५	दुवाना लामा					
१६	टिसा शाक्य					
कुल पदक		४	४	४		

स्क्वास

क्र.सं.	नाम	स्वर्ण	रजत	कास्य	इभेन्टस्	जिल्ला
१	कृष्णा थापा			१	टिम इभेन्टस्	गोरखा
२	भावना सुनुवार					रामेछाप
३	विपना ब्लोन					काभ्रे
४	स्वस्थानी श्रेष्ठ					दोलखा

५	अमृत थापामगर			१	टिम इभेन्टस्	गोरखा
६	दीपक थापा					महोत्तरी
७	अमिर ब्लोन					काभ्रे
८	अहरान्त केशर सिंह					काठमाडौं
कूल पदक				२		

पुरुष फुटबल

क्र.सं.	नाम	स्वर्ण	रजत	कास्य	इभेन्टस्	जिल्ला
१	अर्पण कार्की	१			पुरुष टिम	कञ्चनपुर
२	दीप कार्की					दोलखा
३	अनन्त तामाङ					झापा
४	राजीव लोप्चन					काठमाडौं
५	विकास खवास					मोरङ
६	छिरिङ गुरुङ					इलाम
७	सुमन अर्याल					नवलपरासी
८	हेमन्त थापामगर					सुनसरी
९	सेसाङ आङ्गदम्बे					झापा
१०	नितीन थापा					रुपन्देही
११	तेज तामाङ					काभ्रे
१२	विक्रम लामा					काभ्रे
१३	सुजल श्रेष्ठ					धनकुटा
१४	राजेश परियार					चितवन
१५	सुनिल बल					मकवानपुर
१६	प्रिजेन तामाङ					काभ्रे
१७	मिक्चेन तामाङ					मोरङ
१८	अभिषेक रिजाल					नुवाकोट
१९	रेजिन सुब्बा					झापा
२०	विकेश कुथु					सिन्धुपाल्चोक
कूल पदक		१				

महिला फुटबल

क्र.सं.	नाम	स्वर्ण	रजत	कास्य	इभेन्टस्	जिल्ला
१	सरु लिम्बु					मोरङ
२	मञ्जली योञ्जन					रौतहट
३	एञ्जिला तुम्वापो सुब्बा					पाँचथर
४	हिराकुमारी भुजेल					उदयपुर
५	गीता राना					सुर्खेत
६	मनमाया लिम्बु					मोरङ
७	अनिता बस्नेत					तेह्रथुम
८	सावित्रा भण्डारी					लमजुङ
९	अनिता केसी					रौतहट
१०	पूजा राना					बाँके
११	पुनम जर्गामगर		१		महिला टिम	रौतहट
१२	अञ्जना रानामगर					रौतहट
१३	इन्दिरा राई					मोरङ
१४	विमला चौधरी					कैलाली
१५	दीपा राई					उदयपुर
१६	उषा नाथ					कैलाली
१७	निरु थापा					बाँके
१८	रेनुका नगरकोटी					रौतहट
